नेपाल सरकार

# सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

☎ ४२००२८७
४२००५०५
सिंहदरवार

प.सं. ०७५/७६
च.नं. ६८

मिति: २०७५/०४/२९

विषयः- लेखापरीक्षण एवं सम्परीक्षण गराउने बारे ।

श्री विभाग/आयोजना/कार्यक्रम/समितिहरु, (सबै) ।
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, (सबै) ।
श्री स्थानीय तह, (सबै) ।

प्रस्तुत विषयमा महालेखापरीक्षकको कार्यालयको च.नं. ११ मिति २०७५/०४/२१ को पत्र अनुसार तहाँ कार्यालयको आर्थिक वर्ष २०७४/७५ को श्रेस्ताहरु श्री महालेखा परीक्षकको कार्यालयबाट देहायको मितिमा स्थलगत रुपमा लेखापरीक्षण/बक्यौता लेखापरीक्षण तथा गत विगत वर्षहरुको बेरुजु समेत सम्परीक्षण हुने भएकोले नियमानुसार आवश्यक कागजातहरु, प्रमाणित आर्थिक विवरणहरु एवं अन्य आवश्यक वित्तीय प्रतिवेदनहरु समयमा नै आन्तरिक लेखापरीक्षण सम्पन्न गराई आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न गरी अन्तिम लेखापरीक्षण गराउन हुन अनुरोध छ ।

१. लेखापरीक्षण कार्य निम्नानुसार हुनेछः

क) श्रावणमा लेखापरीक्षण हुने जिल्लाहरुः-
१. दार्चुला २. बैतडी ३. डडेल्धुरा ४. बझाङ ५. बाजुरा ६. डोटी ७. अछाम ८. हुम्ला ९. मुगु १०. डोल्पा ११. जुम्ला १२. कालीकोट १३. दैलेख १४. जाजरकोट १५. सल्यान १६. रुकुम पूर्व १७. रुकुम पश्चिम १८. रोल्पा १९. प्यूठान २०. अर्घाखाँची २१. गुल्मी २२. पाल्पा २३. मुस्ताङ २४. म्याग्दी २५. मनाङ २६. नुवाकोट २७. रसुवा २८. सोलुखुम्बु २९. ओखलढुङ्गा, ३०. काठमाण्डौं, ३१. भक्तपुर, ३२. ललितपुर ।

ख) मार्गमा लेखापरीक्षण हुने जिल्लाहरुः-
१. कञ्चनपुर २. कैलाली ३. सुर्खेत ४. बाँके ५. बर्दिया ६. दाङ ७. कपिलवस्तु ८. रुपन्देही ९. नवलपुर १०. बाग्लुङ ११. पर्वत १२. लम्जुङ १४. गोरखा १५. तनहुँ १६. कास्की १७. स्याङ्जा १८. बारा १९. पर्सा २०. रौतहट २१. चितवन २२. मकवानपुर २३. खोटाङ २४. भोजपुर २५. संखुवासभा २६. ताप्लेजुङ्ग, २७. नवलपरासी ।

ग) पौषमा लेखापरीक्षण हुने जिल्लाहरुः-
१. धादिङ २. काभ्रेपलाञ्चोक ३. सिन्धुपाल्चोक ४. दोलखा ५. रामेछाप ६. सिन्धुली ७. सर्लाही ८. महोत्तरी ९. धनुषा १० सिराहा ११ सप्तरी १२. उदयपुर १३. तेह्रथुम १४. धनकुटा १५. सुनसरी १६. मोरङ १७. पाँचथर १८. इलाम १९. झापा

सचिव

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

☎ ४२००२८७
४२००५०५
सिंहदरवार

प.सं. ०७५/७६
च.नं.

२. <u>बक्यौता लेखापरीक्षण:</u> स्थलगत लेखापरीक्षणका क्रममा बक्यौता लेखापरीक्षण समेत हुने भएकोले बक्यौता लेखापरीक्षण गर्न बाँकी रहेको छ भने सो समेत लेखापरीक्षण गराउन हुन ।

३. <u>सम्परीक्षण:</u> स्थलगत लेखापरीक्षणको क्रममा नै लेखापरीक्षण डोरबाट गरिने हुँदा गत विगत वर्षहरुको बेरुजुहरु सम्परीक्षणका लागि समयमा नै श्रेस्ता कागजातहरु पेश गरी सम्परीक्षण गराई बेरुजु शुन्य बनाउने व्यवस्था हुन ।

४. <u>आयोजना हिसाब:</u> Project Account तयार गर्नु पर्ने कार्यालय भए सम्बन्धित दातृ संस्थासँग भएको सम्झौता अनुसार उपलब्ध गराउनु पर्ने आयोजना हिसाब तथा आवश्यक कागजातहरु समयमा उपलब्ध गराउन हुन ।

५. उक्त अवधिमा कार्यालय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख, लगायत सम्बन्धित कर्मचारी एवं प्राविधिक कर्मचारीहरु र अन्य कर्मचारीहरु समेत अनिवार्य रुपमा कार्यालयमा उपस्थित भै सहयोग गरी दिनु हुन साथै लेखापरीक्षणको अवधीभर मन्त्रालयबाट बिदा वा काज स्वीकृत नहुने र मन्त्रालयको आदेश बेगर कार्यालय प्रमुख बिदा वा काजमा नबस्ने एवं अन्य जिम्मेवार कर्मचारी समेतलाई बिदा वा काज नछोड्ने व्यवस्था हुन ।

६. आर्थिक वर्ष २०७४/७५ मा कायम रहेका, खारेज हुने, गाभिने कार्यालयहरु र हस्तान्तरण भएका कार्यक्रमहरुको नगदी, जिन्सी, धरौटी र सम्पत्तीहरुको लेखा श्रेस्ता सो अवधिको जिम्मेवार व्यक्ति मार्फत नै आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सकेर मात्र बरबुझारथ गर्नु गराउनु हुन ।

७. आर्थिक वर्ष २०७३/७४ मा लेखापरीक्षण हुन नसकेका ६ वटा स्थानीय तह एवं १३० वटा साविकका गा.वि.स.को श्रेस्ता सम्बन्धित गा.पा/न.पा.ले अनिवार्य रुपमा लेखापरीक्षण डोर समक्ष पेश गरी लेखापरीक्षण गराउनु हुन ।

८. स्थानीय तहका गत वर्षका बेरुजुहरु कार्यपालिका प्रमुखले बेरुजु वर्गिकरण अनुसार असुल उपर गर्नु पर्ने बेरुजुहरु यथाशिघ्र असुल उपर गरी संचित कोषमा दाखिला गराउनु हुन, नियमित तथा प्रमाण पेश गर्नुपर्ने बेरुजुहरु नियमानुसार नियमित गरी प्रमाण संकलन गरी एवं म्याद नाघेको पेश्की बेरुजु फछ्यौंट गरी लेखापरीक्षण गर्न खटिएको डोर समक्ष सम्परीक्षणका लागि लिखित अनुरोध गरी बेरुजु सम्परीक्षण गराउनु हुन ।

९. स्थानीय तहबाट बेरुजु नियमित भई सम्परीक्षणको लागि लेखापरीक्षण डोर समक्ष पेश भएको श्रेस्ता कागजातको अनुगमन लेखापरीक्षण (Follow up Audit) स्थलगत रुपमा हुने एवं लेखापरीक्षण प्रतिवेदन स्थलगत रुपमै स्थानीय तहले प्राप्त गर्ने हुँदा सम्परीक्षण त्यहीबाट गराउने व्यवस्था गर्नु हुन ।

१०. महालेखा परीक्षकको कार्यालयबाट खटी जाने डोर समक्ष सम्परीक्षणको लागि श्रेस्ता कागजात पेश गर्दा रितपूर्वक नभएको, सभाबाट फछ्यौंट गर्नु पर्ने, असुल गर्नु पर्नेमा अन्यथा भएको वा औचित्यका आधारमा समेत अनुचित किसिमबाट फछ्यौंट भए गरेको पाईएमा सो बेरुजु लगती कायम हुने र फछ्यौंट गर्ने पदाधिकारी उपर कारवाही समेत हुन सक्ने भएकाले रितपूर्वकको श्रेस्ता कागजात मात्र पेश गरी फछ्यौंट गर्ने/गराउने व्यवस्था हुन ।

सचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

☎ ४२००२८७
४२००५०५
सिंहदरवार

प.सं. ०७५/७६
च.नं.

११. आर्थिक वर्ष २०७४/७५ को श्रेस्ता कागजातको लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्दाको बेरुजु र अघिल्लो वर्षसम्म बाँकी बेरुजुहरुको समेत अध्यावधिक गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिने हुँदा सो लाई विशेष ध्यान दिनु हुन ।

१२. अन्यत्र सरुवा काजमा खटिएका जिम्मेवार कर्मचारीहरुले आफ्नो कार्यकालको लेखापरीक्षण गराएर मात्र रमाना गर्नु गराउनु हुन ।

१३. यस कार्यका लागि मन्त्रालयको तर्फबाट कुनै सहयोग सहजीकरण आवश्यक भएमा मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख वा लेखा अधिकृत श्री बसन्तराज पौडेल (मो.नं.९८४२६२६४८४) मा सम्पर्क गर्नु हुन ।

........................
(दिनेश कुमार थपलिया)
सचिव

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन निर्देशनालय, पुल्चोक, ललितपुर ।

श्री महाशाखा प्रमुखहरु, सबै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

श्री महानिर्देशक, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, पुल्चोक ।

श्री महानिर्देशक, केन्द्रीय पञ्जीकरण विभाग, बबरमहल ।

श्री शाखा प्रमुखहरु,

श्री कर्मचारी प्रशासन शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार ।

श्री स्थानीय तह समन्वय शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबारः- Website मा राखिदिनु हुन ।